चार गजलकारका
उत्कृष्ट गजल

सम्पादक
ललिजन रावल

Digitized By:

साझा शिक्षा ई-पाटी
OLE NEPAL

www.pustakalaya.org

www.olenepal.org

यो पुस्तकालयको प्रयोजनका निमि
प्रतिलिपि

चार गजलकारका

उत्कृष्ट गजल

गजलसङ्ग्रह

सम्पादक
ललिजन रावल

बी. एन. पुस्तक संसार प्रा. लि.

मेरो हजारौंमध्ये निवडकपण हे

चार गजलकारका
उत्कृष्ट गजल

सम्पादक
ललिजन रावल

प्रकाशक
बी. एन. पुस्तक संसार प्रा. लि.
अद्वैतमार्ग, काठमाडौं
फोन : ०१-४२३३८७४
ईमेल : bnpustaksansaar0@gmail.com

संस्करण
पहिलो २०६८, वैशाख

प्रकाशित प्रति
१००१

आवरण/ले-आउट
बी. एन. को कार्यालय, अद्वैतमार्ग

मुद्रण
सुजल अफसेट प्रेस

मूल्य रू. १००/-

सुनेकै हो मैले पनि बूढापाकाबाट
मुटुसम्म जाने बाटो हुन्छ आँखाबाट

- मनु ब्राजाकी

तिमी मेरो विश्वासको बनिदेऊ मियो
अन्धकार छिचोल्छु म चाहिँदैन दियो

- बूँद राना

गाउँ, पाखा, सहर, गल्ली धेर पल्ट धाएँ
देउता अझै भेटिएन दुङ्गामात्र पाएँ

- रवि प्राञ्जल

लहरसँग लड्दै सधैं किनार पुग्छ नाउ
आशा ज्यूँदो राख्नु पर्छ बिर्सिएर घाउ

- ललिजन रावल

यस कृतिबारे

चालीसको दशकको प्रारम्भतिर नेपाली गजल झण्डै चार दशकको लामो निद्रापछि भर्खर-भर्खर ब्यूँझिएको थियो । थोर पाइलाहरूले गजलको गोरटो बनाउँदै थिए । त्यसताका गजललाई मान्यता प्रदान गर्न पनि लेखक-समीक्षकहरू कन्जुस्याइँ गर्थे । उनीहरूको तर्क थियो कि गजल हाम्रो विधा होइन यसकारण हामीले कविता या गीत लेख्नुपर्छ । तर कुनै पनि विधाको जन्म या विस्तार जहाँ सुकैबाट भएको भएपनि हरक भाषाले त्यसलाई आफ्नो अनुकूल बनाएर स्थापित गर्ने गर्छ । गजलको रूपको विशेषता नै यो हो कि त्यसमार्फत् स्रष्टाले आफ्ना समग्र अनुभूतिहरूलाई संक्षिप्त, कोमल र हार्दिक रूपमा व्यक्त गर्ने गर्छ । गजलको रूप, संरचना र संक्षिप्ततालेगर्दा नै आज नेपाली साहित्यमा यो विधा सर्वाधिक लोकप्रिय भएको छ । धेरभन्दा धेर स्रष्टाहरूले यस विधालाई आत्मसात गरका छन् । नवागन्तुक लेखकहरू गजलमार्फत् नै साहित्यमा प्रवेश गरिरहेका छन् । आज नेपाली गजलको राजमार्ग निर्माण भइसकेको छ । सयौं-सयौं गजलकारहरू यस राजमार्गमा यात्रा गरिरहेका छन् ।

नेपाली गजलको यो राजमार्ग बनाउनमा विशेष योगदान पुऱ्याउने चार गजलकारका गजलहरू यस कृतिभित्र समेटिएका छन् । यी गजलहरूले गजलको संरचना पक्ष र भाव पक्ष दुवैमा सन्तुलन कामय राख्दै विविध बान्कीहरू प्रस्तुत गरका छन् । गजल गद्यमा लेखिदैन, यो लयबद्ध हुन्छ । अझ प्रस्ट रूपमा भन्नु पर्दा एउटा गजलको पहिलो पङ्क्तिले बोकेको लय त्यस गजलका सम्पूर्ण पङ्क्तिमा समान हुनुपर्छ । लयगत चेतनाका दृष्टिकोणले यस कृतिका सम्पूर्ण गजलहरूले यस कुरालाई आत्मसाथ गरका छन् । गजल संरचना पद्धतिको सम्पूर्ण र सही प्रयोग यी गजलहरूमा भएको छ । तर रूप मात्र मिलाउँदैमा कुनै रचना विशिष्ट हुन सक्दैन । यी गजलहरूमा भावको गहिराइ र विषयको विविधतालाई अनुभव गर्न सकिन्छ । शिल्प-सौन्दर्य र भाव-सौन्दर्य दुईटै दृष्टिकोणले यी गजलहरू उत्कृष्ट गजलका रूपमा प्रस्तुत भएका छन् ।

सुनेकै हो मैले पनि बूढापाकाबाट
मुटुसम्म जाने बाटो हुन्छ आँखाबाट

-मनु ब्राजाकी

तिमी मेरा विश्वासको बनिदेऊ दियो
अन्धकार छिचोल्छु म चाहिँदैन दियो ।

-बूँद राना

जूनसँग तिमीलाई माग्न पनि सकिएन
तिमीदेखि टाढाटाढा भाग्न पनि सकिएन ।

-रवि प्राञ्जल

गहिरो भाव, भावको चमत्कारपूर्ण अभिव्यक्ति, शिल्प-सौन्दर्य र लयका हिसाबले यी गजलहरू उत्कृष्ट गजलका रूपमा देखिएका छन् ।

मनु ब्राजाकीले गजलको सही रूपलाई शुरूमा प्रस्तुत गर । यसका साथै गजलको सौन्दर्य शास्त्रको व्याख्या-विश्लेषण गर्दै यसको संरचना पद्धतिको परिचय पनि मनुले नै शुरूमा दिए । यसका साथै उनको गजल सङ्ग्रह 'गजलगङ्गा' (२०५१) को भूमिकामा मनुले गजल विधाको व्याख्या-विश्लेषण निकै राम्ररो गरका छन् । मनु ब्राजाकीका यस ग्रन्थमा सङ्कलित गजलहरूले उनको गजल प्रवृत्तिको प्रतिनिधित्व गरका छन् ।

अयोध्यामा पाइँदैन आजभोलि काम
सीता पोइल गएपछि खुसी छ यो राम

-मनु ब्राजाकी

बूँद राना नेपाली गजलका अर्का महत्वपूर्ण गजलकार हुन् । गजलको सौन्दर्यको गरिमालाई कायम राख्दै वैचारिक गजल लेख्नमा बूँद ज्यादै खप्पीस छन् । यथास्थितिको विरोध गर्दै परिर्वतनको पक्षमा लेखिएका उनका धेर गजलहरूले सामाजिक न्याय र समानताका निम्ति आवाज उठाएका छन् । भाका हालेर आफ्ना गजलहरू वाचन गर्नमा उनले ठूलो प्रसिद्धि पाएका छन् । यस कृतिमा सङ्कलित उनका गजलहरूले उनको विचारलाई उजागर गरका छन् ।

उस्तै छ आँसु उस्तै छ पीडा उस्तै छ जलन
फर्किन्छ दिन भनेर ज्यान दियौं कि फगत ?

विशेष गरी प्रेम र पीडाका भावमय गजल लेख्नमा ख्याती कमाएका रवि प्राञ्जलका सुललित शेरहरूले उनको आफ्नो पहिचान बनाएका छन् । विरह र निराशाको बाहुल्यता रहेका उनका गजलहरूले मनमा पीडाको अनुभूति गराउँछन् । आँसु र पीडाले पनि कहिलेकाहीं विद्रोह जन्माउन सक्छन् । पीडाको अनुभूति नभइकन मानिसले पीडाबाट मुक्ति खोज्दैन, यस अर्थमा उनका पीडामय गजलहरूले हामीभित्र पीडा जन्माएर मुक्तिको मार्ग खोज्न लगाउँछन् ।

हिँड्दा-हिँड्दै जिन्दगी नै थाके जस्तो लाग्यो ।
बाटोभरि तुवाँलोले ढाकेजस्तो लाग्यो ।

-रवि प्राञ्जल

यस समयका अर्का गजलकार ललिजन रावलका बारमा "नेपाली गजलः सिद्धान्त र विवेचना" नामक ग्रन्थमा घनेन्द्र ओझा यस्तो लेख्छन्-"नेपाली गजलको पुनर्जागरण कालका सशक्त गजलकार ललिजन रावल आधुनिक

नेपाली गजलका मार्गदर्शक तथा अन्वेषक बनेका छन् । मूलतः मार्क्सवादी विचारधाराबाट प्रभावित रावलको गजलकारिताको प्रारम्भिक चरणमा राजनीतिक, सामाजिक र सांस्कृतिक रूपमा परिवर्तन र स्वतन्त्रताको चाहना प्रमुख रूपमा प्रतिबिम्बित भएको पाइन्छ भने पछिल्लो चरणका गजल असल मानवीय संस्कार, राजनीतिमा सुधारको चाहना तथा शृङ्गारमा केन्द्रित छन् ।"

चाहनाको गीत अझै गाउन बाँकी छ
चुहिएको छानो हाम्रो छाउन बाँकी छ ।

-ललिजन रावल

यसरी नेपाली गजलका चार महत्वपूर्ण गजलकारका उत्कृष्ट गजलहरूका साथ "चार गजलकारका उत्कृष्ट गजल" नामक यो कृति प्रस्तुत गरिएको छ । नेपाली गजलको अध्ययन र यी चार गजलकारको छुट्टाछुट्टै अध्ययन गर्न चाहनेहरूका लागि यो कृति सहयोगी बन्ने छ भन्ने आशा गर्दछु ।

०६८ बैशाख २३ -ललिजन रावल

क्रम

मनु ब्राजाकी/९
बूँद राना/३५
रवि प्राञ्जल/६१
ललिजन रावल/८७

मनु ब्राजाकी

मनु ब्राजाकी नेपाली साहित्यका प्रसिद्ध कथाकार हुनुका साथै नेपाली गजलको पुनर्जागरण र गजल विधाको व्याख्या-विश्लेषण गर्नमा महत्त्वपूर्ण योगदान दिने गजलकार हुन् । वि.स. १९९९, साउन १९ गते औरही, महोत्तरीमा जन्मेका गजलकार मनुका गजल गङ्गा (२०५१), काँडाका फूलहरू (२०५६) र के हेरेको ए जिन्दगी (२०६४), यी तीन गजल सङ्ग्रहहरू प्रकाशित छन् । मनु ब्राजाकीका केही गजलहरू सङ्गीतबद्ध भएर रेकर्ड पनि भएका छन् ।

अयोध्यामा पाइँदैन आजभोलि काम ।
सीता पोइल गएपछि खुसी छ यो राम ।

द्रौपदीको चीर-हरण सधैंयहाँ हुन्छ,
दुर्योधनले होइन यो त थियो कुनै श्याम

छाता धितो राखेपछि साहुजीले भने,
'टाढाटाढासम्म यहाँ घाम-पानी-घाम !'

चिनिएन घुइँचोमा आफूलाई यहाँ,
भनिदेऊ 'मनु' तिमी, 'के हो मेरो नाम ?

★★★

कस्का लागि उन्न थाल्यौ आज फूलमालाहरू ?
गन तिमी फूलका थुँगा गन्दैछु म प्यालाहरू !

जून्कीरीको पछि लागि मिर्मिरेमा हिँड्यौ कता ?
उर्लिदैछन् अझै पनि यहाँ खोलानालाहरू ।

अँध्यारोमा ज्यान अर्पी बलेकोथ्यो आत्मज्योति,
भन तिमी कता गए हाम्रा ती उज्यालाहरू ?

माते पनि बाँचेकै छु भन्ने कुरा सुनेपछि,
भिज्न थाले किन होला तिम्रा दुवै गालाहरू ।

पहिरोको ढुङ्गा जस्तै आँखाबाट झरेपछि,
फेरि आइलाग्ने होलान् मनका ती उकालाहरू ।

मेरो माया लाग्छ भने मलाई पनि चिन्न खोज,
गोराभन्दा म जस्ता नै धेरै छन् है कालाहरू ।

'मनु' उठी हिँडयो फेरि अभावको गाउँतिर,
तिमी मख्ख परिहाल्यौ पाई सुनका बालाहरू ।

★★★

तिमीसित सोध्न थाले अब मेरो नाउँ ।
सोच्दैछु म तिमीकहाँ जाऊँ कि नजाऊँ ।

तिमीलाई दुख्ख दिन भनी एक्लो पारी,
तिमीसित मात्रै अब किन माया लाऊँ ?

तिम्रै मनको सहरमा किन खोज्दैछु म,
बास बस्न हराएको आफ्नो सानो गाउँ

शत्रुसँगै बस्दा-बस्दा माया लाग्न थाल्यो,
कस्को घृणासित अब किन म डराऊँ ?

हातखुट्टा बाँधे पनि मन फुक्का हुन्छ,
मन पनि बाँधिएछ कसरी फुकाऊँ ?

यति लामो कालरात्रि प्रतीक्षामै बित्यो,
सूर्य बनी तिम्रो मनमा कैले म उदाऊँ ?

आफूलाई, अरूलाई जति ढाँटे पनि,
भन अब 'मनु'लाई के गरी सम्झाऊँ ?

★★★

फकाउनु आफूभन्दा अरूलाई सरल छ ।
आँसुभन्दा पनि यहाँ रगत साह्रै तरल छ ।

नपुछ है आँसु तिमी हृदयको बाली सुक्छ,
हिलो भए हुन देऊ हिलाम्ये नै असल छ ।

संसारको अस्तित्व नै बिर्सिदिए पनि यहाँ,
आफूलाई बिर्सिदिन रक्सी खानु गरल छ ।

'राम्रो पनि, सस्तो पनि' खोलेको छ नेपालीले,
गल्लीभित्र यौटा सानो 'पारिवारिक पसल' छ ।

गाहकीको घुइँचोमा बसेको छ 'मनु' पनि,
'छोरीभन्दा आमा राम्री' भन्ने यहाँ छलफल छ ।

***

मानिस त एउटै हो थरिथरि रूप भएछ ।
यही कुरा बुझ्नेर नै 'मनु' आज चूप भएछ ।

जान्न खोज होश राखी चिप्लिएला किनभने,
मेरो आँखा, मेरो मुटु, मधेसको कूप भएछ ।

समाजले मूर्ख भन्यो, आवारा र पाजी भन्यो,
जे-जे भन्यो मेरा लागि, आहा ! कति खूप भएछ

कुनै जीवन दियो जस्तो कुनै भने ज्वाला जस्तो,
मेरो जीवन धुवाउने प्रकाशहीन धूप भएछ ।

हाँसी हाँसी बोतल दियौ तर त्यो त पानी रैंछ,
यसै यसै गरी 'मनु' सधैं नै बेकूफ भएछ ।

***

हावा, हुरी, घामपानी जस्ले यहाँ सहेको छ ।
उसैलाई दुख्ख अझैसम्म पनि भएको छ ।

स्वतन्त्र भै भर्न थाले आफ्नो झोलीतुम्बा सबै,
बहुला त्यो विपन्नता आज कता गएको छ ?

दुङ्गा माटो मिलेजुले, शत्रु शत्रु हाँसे खेले,
अब बाँकी मित्र मित्र मिल्नु नै त रहेको छ ।

कि त यहाँ पतिव्रता कि त वेश्याहरू नै छन्,
राजनीति यस्तै हो रे ! यस्तै यहाँ भएको छ ।

थाहा सबै भइसके तिम्रा गोप्य कुराहरू,
भूमिमाथि भूमितल को-को कहाँ गएको छ ।

सर्वस्व त गुमिहाल्यो अब फोस्रो स्वाभिमान,
देखाउन दुनियाँलाई बाँकी यत्ति रहेको छ ।

विपन्नता रुन्छ यता, सम्पन्नता हाँस्छ उता,
मनुले त लुकीचोरी दुवैलाई सहेको छ ।

★★★

स्नेह तिमी टाढै बस नजीक नआऊ ।
छोयौ भने निको होला सम्झनाको घाउ ।

डामिएको मुटु मेरो अमूर्त झैं भयो,
आधुनिक यो चित्रलाई बैठकमा सजाऊ ।

हृदयको आकाशमा हराएको छु म,
सूर्य-चन्द्र एकचोटि सँगै नै उदाऊ !

हेर तिमी नचिने झैं मेरो नयनमा,
तर त्यहाँबाट आफ्नो चित्र नमेटाऊ ।

तिम्रो मेरो चेतनाको दीप बली रहे,
पर्ने छैन अँध्यारोको भुमरीमा नाउ ।

बाँधिएछु कत्ति साह्रै तिम्रो उपेक्षाले,
मलाई हैन 'मनु'लाई अब त फुकाऊ ।

★★★

मेरो बोली सुनेपछि जब तिम्रो मौन बोल्छ ।
नपग्लिने हिमशिला आगोभन्दा बढी पोल्छ ।

चिनेकै हो जानेकै हो तर पनि आशङ्काले,
'स्वागत छ' भने पनि ढोकाचाहिँ आधै खोल्छ ।

विरहको आँगनमा नबर्सिने बालद यो,
आवारा झैं डुलीडुली धरतीको मन बिथोल्छ ।

पेशलीय प्रतिभा चै 'ललिजन' होला तर,
'ज्ञानुजी' र 'मनुजी'को मात पनि अनमोल छ ।

यता हेऱ्यो यता पनि, उता हेऱ्यो उता पनि,
भन्थ्यो उस्ले, जतातै फलानीको टोलैटोल छ ।

अनि पो त मन-गङ्गा तरिसकेपछि पनि,
एउटा सानो खहरेले छेक्दाखेरि मन पिरोल्छ ।

हँसाउने फूल हो कि बल्झाउने जासूस हो,
आज फूलबारीभरि अशान्ति र अन्यौल छ ।

तिमीसित भेट हुने आशा गर्नु व्यर्थ रै'छ,
पृथिवी त गोलमात्र कहाँ हो र भद्रगोल छ ।

'मन मेरो के पो हो र ? हीरामोती हैन क्यारे !
भन्ने 'मनु' पछुतोले अब भने हात मोल्छ ।

★★★

कता कता पुल हालूँ दुई दिनको चोला रैंछ ।
वारि पनि खोला रैंछ पारि पनि खोला रैंछ ।

माया यस्तो माया उस्तो भनी कति सम्झाएथ्यौ,
फूल जस्तै मन मेरो साह्रै नै अबोला रैंछ ।

ब्रह्मा भए, बिष्णु भए, सृष्टि भयो, पालन भयो,
संहारक मन यो त शिव जस्तै भोला रैंछ ।

मार्छु भनी आफूलाई सुरिएर हिँड्नु पनि,
मनुको र मनुष्यको आत्मीय खिचोला रैंछ ।

***

आऊ तिमी फर्की मलाई रुवाउन आऊ ।
हृदयको मरूभूमि भिजाउन आऊ ।

सबैलाई भन्न पनि सकिंदैन के भो,
आँसु मेरो दुनियाँलाई देखाउन आऊ ।

ओइलाएछ भन्ने ठानी वसन्तको रूप,
कागतका फूल यहाँ सजाउन आऊ ।

छलछन्द बिर्सिएर बसेको छु तिम्रो,
अबोध यो हृदयलाई फकाउन आऊ ।

भत्किएको छैन अझै सम्झनाको घर,
आँधीबेरी झरीबादल चलाउन आऊ ।

फुलेपछि झरिजाने पारिजात जस्तै,
आऊ तिमी फेरि पनि फर्किजान आऊ ।

★★★

पछुतो भो भन्छ्यौ किन उस्को कुरा नमानेर ।
आँसु पुछ्नु हुँदैन है कसैको नि नजानेर ।

तिमीलाई देखेपछि जुवाडी नै भएछु म,
यता हारैं उता हारैं जीवनसम्म नधानेर ।

लडाएथैं चङ्गा मैले काटिएर गयो टाढा,
बसेको छु म के पर्खी धागोसम्म नतानेर ।

दुख्ख, पीडा, उदासी र एक्लोपनको भागबाट,
आफ्नै ठानी सुखी हुन झिकिरहैं नछानेर ।

लम्किएको हात पनि कति लामो हुन्छ कुन्नि !
हृदय त छोइहाल्यौ अब यता यहाँनेर ।

उपेक्षाले नहेरिदेऊ ढुङ्गालाई पनि तिमी,
कैलेकाहीं फुटिहाल्छ केही पनि नहानेर ।

दुख्यो भन्दा मनु हाँस्छ किन हाँस्छ थाहा छैन,
सोध्यौ भने भनुँला के कता दुख्छ कहाँनेर ?

★★★

भ्रष्टाचारकी सुन्दरीले बोलाउँछे सान गरी ।
मोजमज्जा पाऊँ भनी बसेपछि ध्यान गरी ।

हृदयको सिंहासनमा आदर्शलाई होइन बरू,
व्यवहारवादी वेश्यालाई राखेका छन् मान गरी ।

शिव जस्तो लठुवालाई प्राप्त हुन्छ सधैँगरल,
किनभने भक्तहरू बसे मधुपान गरी ।

अनि पो त धर्म, अर्थ, काम, मोक्ष बटुलेर,
बसेका छन् सुख्खसाथ स्वास्नीसमेत दान गरी ।

शिव जस्तो मनुलाई एउटा साँढे किनिदेऊ,
भूतप्रेत बटुलेर बसोस् अभिमान गरी ।

***

सुनेकै हो मैले पनि बूढापाकाबाट ।
मुटुसम्म जाने बाटो हुन्छ आँखाबाट ।

हेर्दा तिम्रो आँखातिर थाहा मैले पाएँ,
हिँड्दै रैछु म त त्यहाँ पाखैपाखाबाट ।

यता हेर्दा उता हेछ्र्यौं, उता हेर्दा यता,
जोगाउन मुटुलाई चोर-डाँकाबाट ।

माया जति खोजे पनि मन-माहुरीले,
निचोरिन्छ सधैंसधैं मह चाकाबाट ।

यति पनि नबुझ्नेलाई 'मनु' भन्नुपर्छ,
बिउँझिएला कल्पनाको जब काखाबाट ।

★★★

यो बाटोमा उकाली छ त्यो बाटोमा ओराली छ ।
आफूलाई देख्दिनँ म कहाँ आज नेपाली छ ?

जता हेऱ्यो उतैतिर भीर, पाखो, पहिरो छ,
कता होला बर-पीपल कता आज देउराली छ ?

तिम्रै, मात्र तिम्रै माया बोकिहिँडे कस्तूरी झैं,
यता आँसु सम्पन्न छ उता हाँसो कङ्गाली छ ।

खोला पनि सुसाएर रोइराख्छ सधैं यहाँ,
उता जाल हानिसक्यो यता हातेदुवाली छ ।

जैले पनि झर्नुपर्छ तिम्रो आँखाबाट मैले,
गालादेखि छातीसम्म कहाली नै कहाली छ ।

हाँसो पनि मुटुभित्रै, आँसु पनि मुटुभित्रै,
साँचो बोल्न पाइएन कता मन मतवाली छ ?

★★★

उदाएको साँझ थियो बिहानीको नाम लाग्यो ।
अनिदा छन् आँखाहरू रातभरि घाम लाग्यो ।

फूलदेखि शूलसम्म सबै यहाँ नाङ्गा रैंछन्,
लाज अब लाग्यो के त ? आत्मग्लानि काम लाग्यो ?

कति राम्री रैंछौ तिमी, कति शूरो रैंछु म त,
भन आमा ! तिम्रो मेरो, कति यहाँ दाम लाग्यो ?

माथि हेर्दा उजिएको खुकुरी झैं नेपाल यो,
तल हेर्दा पल्टिएको केराको नै थाम लाग्यो ।

गाम-घर-बेसीलाई भविष्यको हालखबर,
काँचो धागो बाँधीवरि पठाएको खाम लाग्यो ।

हृदय छ मरुभूमि, पसिना र आँसु सुके,
कतै छैन झरी पानी खडेरीको याम लाग्यो ।

बाँच्न पनि सकिएन मर्न पनि सकिएन,
यो भूमि त अपराधी 'मनु' बस्ने गाम लाग्यो ।

★★★

जागिर दिई पुऱ्याइदिनुस् मेरो मनको धोको ।
पाल्नुस् हजुर, बोलाउँदैछ मेरो घरको बोको !

सत्रपटक हजूरकै श्रीमतीलाई ढोगैं,
आज पनि ल्याएको छु सुन्तलाको डोको ।

मेरी घरकी कैलीसँग 'हुन्छ' भन्नुभाथ्यो,
उसैले नै पठाइछ कुराउनीको पोको ।

सिकाउनु सघाउनु हजूरले नै पर्छ,
कैली जस्तै म पनि त मनको साह्रै चोखो ।

प्रधानज्यूले भन्नुभाथ्यो विकासपछि खालास्,
विकास पनि आयो गयो म ता रहैं भोको ।

इण्डियामा दर्बानीको जागिर खान जान्नँ,
गोर्खालीलाई देखाएर भन्छ-'गोली ठोको !'

हुर्मत गए, इज्जत गए, हजूरबाटै जाओस्,
किनभने श्रीमानकै हामी बाख्री-बोको ।

★★★

गैरीफाँटमा तिम्रो-मेरो एउटै खलो थियो ।
एउटै गाउँ, एउटै घर, एउटै थलो थियो ।

तिम्रो खेत, मेरो खेत बेग्लै भए पनि,
मिलिजुली जोत्न हाम्रो एउटै हलो थियो ।

ओत लाग्ने छानो हाल्न खोज्दाखेरि पनि,
खाँबा धेरै थिए तर एउटै बलो थियो ।

तल-माथि नभएर भाइभाइ थियौं,
जस्तो थियो, घर थियो, एउटै तलो थियो ।

पस्यो भने घरभित्र चोर-डाका कुनै,
तिम्रो-मेरो एउटै स्वर, एउटै गलो थियो ।

किन सुख पापी भयो, दुःख दुष्ट भयो,
नहुँदा नै सुख-दुःख त्यही भलो थियो ।

★★★

हाँसिराख्न सिकैं मैले जीते पनि हारे पनि
जालभित्र जेलभित्र मलाई जति पारे पनि

बाँच्नु परे सबैसित मर्नु परे म मात्र छु
खुसी छु म अब मलाई जतिसुकै मारे पनि

चाहना छ तिम्रो ठूलो भनेदेखि हुन्छ अब
आफ्नो इच्छासँगसँगै 'मनु' लाई नारे पनि

उक्लिराख माथिमाथि धेरै माथिसम्म तिमी
भन्याङभैं अटल छु मलाई जति झारे पनि

खोजिराख्छु तिमीलाई डाँडाकाँडा जताततै
प्रतीक्षा हो मेरो कर्म जतिसुकै टारे पनि

मेरो हाँसो झूटो होला, आँसुभने चोखो नै छ
विरहको आगो बाली जिन्दगी नै खारे पनि

तिमीलाई कुर्छु म त जीवनभरि यै घाटमा
मबाहेक सारालाई, सबैलाई तारे पनि

तिम्रै बारीभित्र हैन जताततै फुलेको छु
जति चुँडे पनि अब जति बार बारे पनि

'मनु' रैछ नवैलाउने मखमली फूलजस्तै
छायातिर घामतिर जतातिर सारे पनि ।

★★★

हेर यहाँ काँडामाथि पात पऱ्यो
पातमाथि फूलैफूलको खात पऱ्यो

प्रकाशमा तिम्रा आँसु मोती बने
जब-जब हाँसोको आघात पऱ्यो

भनि देऊ माया तिमी बिर्सिसकँै
के चैं अब तिम्रो मेरो जात पऱ्यो

कस्तो पापी लेखकको साथ पऱ्यो
भन्छन् सबै सुतौं अब रात पऱ्यो

भ भने त जागेकै छु मनुसँग
जुनकीरी नै भए पनि हात पऱ्यो ।

★★★

एकदिन तिमीलाई थाहा हुनेछ ।
ढुङ्गा पनि पग्लिएर जब रुनछ ।

जति डुब्न खोजे पनि तानी ल्याउने,
कल्ले यति राम्रो आहा ! जाल बुनेछ ?

कस्तो होला स्पर्श त्यो भनिदेऊ न
फूल आई ढुङ्गालाई जब छुनेछ ।

एकबाजिमात्र हाम्रो भेट भएको,
त्यसैलाई मनले सयचोटि गुनेछ ।

दुःखी भयो, साह्रै भलो चिताउनेले,
बाँचेकै छु भन्ने कुरा जब सुनेछ ।

भौंतारिने 'मनु'सित भेट्न खोजेको ?
मुक्ति भन्ने प्रहरीले हिजै थुनेछ ।

★★★

खोज्दै पुगैं आफूलाई जब तिम्रो घरमा ।
कहाँ होला बास मेरो अब यो सहरमा ?

बिदा गर्दा तिमीले नै प्याला भरिदियौ,
हिँडिरहेको छु म त सम्झनाको भरमा ।

मेरो मुटु दियोजस्तै बल्यो फेरि आज,
जहाँसम्म उज्यालो छ आऊ यो शहरमा ।

तिमीलाई ऐना सम्झी नियालेर हेर्रैं,
देखिँदैछु भन कस्तो ऐनाको नजरमा ?

सबै विष फिक्का अनि खल्लो लागेर नै,
मनु'लाई मिसाएछु जीवनको जहरमा ।

***

सोच्न थाल्छौं किन हामी भूल भएपछि
परिस्थिति हाम्रो प्रतिकूल भएपछि ।

जीवनखोलासँग हाम्रो सम्बन्ध नै छुट्यो,
त्यसैमाथि एउटा सानो पुल भएपछि ।

आफूलाई खोज्न कहाँ जाने होला भन,
एकान्तमा पनि जब हुल भएपछि ?

बेचिँदै छन् बजारमा राम, कृष्ण, शिव
धर्म पनि व्यापारको मूल भएपछि ।

भोकाएको पेट रुन्छ, तिर्खाएको मन,
यस्तो बेला हाँस्न खोज्दा शूल भएपछि ।

माला गाँसी पहिराऊ जोसुकैलाई तिमी,
'मनु' आज बगैंचामा फूल भएपछि ।

★★★

चेलाबेटा चेलीबेटी बिक्री हुने माल भए,
बूढाबूढी, केटाकेटी मानवीय ढाल भए ।

जलस्रोतका धनीसँग खानेपानीसम्म छैन,
रगतले भरिएका खोलानाला ताल भए ।

कितापमै थन्किएछन् सिद्धान्त र संविधान,
राजनीति, कूटनीति जुवाडेका खाल भए ।

आफ्नै घर, आँगन यो निषेधित क्षेत्र रैंछ,
गल्लीका यी कुनाकाप्चा माकुरोका जाल भए ।

कालापानी, सेतापानी, रातापानी, नीलापानी
यस्तै-यस्तै पानीहरू सक्कली नेपाल भए ।

भत्किएको घर देख्दा 'बनाऊँ कि नबनाऊँ ?'
बेच बरु भन्नेहरू छिमेकी दलाल भए ।

★★★

भुमरीमा जन्मेकोलाई डुब्ने केको डर यहाँ ?
किनार हौ तिमी तर तिम्रो केको भर यहाँ ?

भन्छन् सबै 'राम-राम' लड्नेलाई भीरबाट,
कल्लाई छ र माया गरी बचाउने कर यहाँ ।

बनाएछ कुन्नि कसले दोबाटोमा चौतारी यो,
पीपलसँग उभिने त्यो देखिँदैन बर यहाँ ।

स्वास्नीलाई सुनाउँछौ 'पुर्खा मेरा यस्ता उस्ता'
कहिले थियो तिम्रोजस्तै बिचरीको थर यहाँ ?

सक्कली ती मायाहरू गाउँतिरै छुटिसके,
नक्कली नै भए पनि प्यारो छ सहर यहाँ ।

बग्दै-बग्दै हिँड्नेलाई बगाएछ भन्नु किन ?
आनन्दले बग्नुपर्छ गन्नु के लहर यहाँ ?

भौंतारिने 'मनु' आज यहाँ, भोलि कहाँ होला,
अब भने बास दिने छैन कतै घर यहाँ ।

★★★

छातीभित्र ढुङ्गालाई बसाउन जानिएन ।
फूलमाला चढाएर हँसाउन जानिएन ।

शत्रुसँग हिँडे पनि डाँडा-काँडा उकालोमा,
उसैलाई भीरबाट खसाउन जानिएन ।

भित्र कतै चिरिएर पहरोको छातीबाट,
पहाडको आँसुजस्तै रसाउन जानिएन ।

महलमा सजिएका गुलाफका बोटजस्तै,
दुःखी मनको आँगनमा बसाउन जानिएन ।

ठूलो छाती फर्काएर उभिएको पर्खालमा,
'मनु' जस्तो सानो छुरी धसाउन जानिएन ।

★★★

बूँद राना

विस २००३ भदौ ३० गते अर्घाखाँचीमा जन्मेका भैरहवा निवासी गजलकार बूँद राना नेपाली साहित्यका एक सशक्त एवम् ख्यातिप्राप्त गजलकार हुन् । गजलकार रानाका **रातो मलाई प्यारो** (२०५६) र **चल्दै छ जिन्दगी** (२०६४) गजल सङ्ग्रहहरू प्रकाशित छन् । लयसहितको गजल वाचनमा बूँदले निकै प्रसिद्धि पाएका छन् । बूँद रानाका केही गजलहरू रेकर्ड भएका छन् ।

उनी पनि सल्लाहमा आए राम्रो हुन्थ्यो
मालसिरी भाखासँगै गाए राम्रो हुन्थ्यो ।

सुनचाँदीले छाएर घर दामी हुन्न,
घरको छानो इज्जतले छाए राम्रो हुन्थ्यो ।

सागरको पिँधसम्म बूँद पुगेकै छ,
सागर नि 'बूँद'सम्म धाए राम्रो हुन्थ्यो ।

बातैपिच्छे झूठो कसम खाने ढटुवाले,
कैले कसो हण्डर, ठक्कर खाए राम्रो हुन्थ्यो ।

चूप लागी नियतिको चोट सहनेले
'खबर्दार' भनी मुख बाए राम्रो हुन्थ्यो

★★★

मानिसले आफूलाई कुन्नि केमा ढालेको छ ?
'म हुँ मान्छे' भन्न पनि लाज लाग्न थालेको छ ।

रोजी-रोजी लिनलाई फूल थियो, काँडा थियो,
निन्याउरो मुख देख्छु केमा हात हालेको छ ?

दिलभित्र सागर औ त्यहाँ 'बूँद' हुनुपर्थ्यो,
विडम्बना, मानिसले सर्प, बिच्छी पालेको छ ।

घुमी-फिरी घरिघरि उही सिउँडीकाँडा घारी,
बगैंचाको नाम बेची कदम कहाँ चालेको छ ?

बर्बादीमा रमाउने बानी परेछ कि कसो ?
बेहोसीले घरको छानो खोजी आगो बालेको छ ।

★★★

तिमी मेरो विश्वासको बनिदेऊ मियो ।
अन्धकार छिचोल्छु म चाहिँदैन दियो ।

पचाएछ यो छातीले सयौं छुरा-भाला,
हाँसो लाग्छ तर्साउन देखाउँदा सियो ।

तिम्रो-मेरो साझा वैरी कतै उम्की जाला,
खबर्दारी मैले गर्छु तिमी गर चियो ।

पक्कै हेर्न पाइन्छ रे ढिलै भएपनि,
कल्ले यहाँ कति दियो, कल्ले कति लियो ?

यत्ति गरे पक्कै पनि गति परिन्थ्यो कि,
दुनियाँले भनिदिए, 'ज्यूँदो मान्छे थियो ।'

***

निधारमा मेची-काली हत्केलामा चुर
देशै बोकी हिँड्नेलाई कल्ले भन्छ लुर

मान्छे-मान्छे यौटै हुन्छ फरक हुन्न भन्थे
व्यहोरर हेर-देखैँ दाह्रे नङ्ग्रे, खुर

भकारो छ रित्तो-रित्तो, ढुकुटी छ रित्तो
सुन्छु, नयाँ अगस्तीले मुलुकै हसुर

बसे हुन्छ पाउमुनि, उठे घाम ढाक्छ
'बूँद' भन्छ-धूलो कहाँ हुन्छ भारभुर

***

वाचा थियो घरघर बिजुली त्यो बालिदिने
काम भयो घाम छिर्ने प्वाल सबै टालिदिने

जिन्दगीका साथ ताजा गजल न गुन्गुनाई
कसलाई फुर्सद छ मृत्युलाई गाली दिने ?

अघिपछि झासेझुसे गने पनि सभा हुँदा
उनीलाई चाहिन्छ र समर्थनका तालीदिने

सानो छ त के भयो लौ यो 'बूँद'को चुनौती भो
आँट गरास् सागरले सारा 'बूँद' फालिदिने

खडेरो र पतझर पालैपालो आएका छन्
कसो त नआउला त्यो ऋतु खुसीयाली दिने ?

***

तुफानी रातमा धिप्धिप् दियो बल्दा उनी तर्से
कहाँ नारा भयो खाली कुरा चल्दा उनी तर्से ।

'तँलाई भोक लाग्यो कि ?' भनी सोध्ने कहाँ हो र
रुझेको बूँदको चीसो चुलो जल्दा उनी तर्से ।

मरको लाशले के नै गऱ्यो ? गर्ला भनेकै हो
खलाँती सासले इस्पात नै गल्दा उनी तर्से ।

सधैं तर्सेर बस्नेको झझल्कोमा थियो मोसो
बिहानीले धरामा लालिमा दल्ला उनी तर्से

उसैमा आफु पो देखैं, नमालुम् के भयो कुन्नि ?
पुरानो ढल्न आँटेको बुटो ढल्दा उनी तर्से ।

फलेको तालुमा आलु मुसारो भन्दथे आहा !
टुटुल्को बेलको जत्रो त्यहाँ फल्दा उनी तर्से ।

***

कालसँग लडिरह्यौं मर्न जानिएन
आत्तिएर आत्महत्या गर्न जानिएन !

मुटु मिची बस्यौं हामी मलमको साटो
घाउमाथि नुनचुक छर्न जानिएन !

टाकुरामा पुग्नु थियो लडिहाले पनि
उठ्यौं हिँड्यौं बाटो तल झर्न जानिएन

हली, ज्यामी, भरिया भै बाँचेका छौं तर
आफूलाई मगन्तेमा दर्न जानिएन

हरियो छ स्वादिलो छ पाइए छ भनी
टकारको घाँसपात चर्न जानिएन

लडाइँको मैदानमा जे त होला अब
अघि सरो फेरि पछि सर्न जानिएन

★★★

पूर्णिमाको जून देख्छु आँखाभरि सपनामा
उम्लिएको खुन देख्छु आँखाभरि सपनामा ।

घर सम्झी फर्किनेको स्वागतमा, सम्झनामा,
ओच्छ्याएको तुन देख्छु आँखाभरि सपनामा ।

खण्डहर नयाँ-नयाँ पहिराको धुनमाझ,
सिर्जना सगुन देख्छु आँखाभरि सपनामा ।

गहनामा साँचे हुन्छ, एक फन्को नाचे हुन्छ,
खारिएको सुन देख्छु आँखाभरि सपनामा ।

व्यथा हेरी, ठाउँ हेरी लाए भयो, दले भयो,
चन्दन र चुन देख्नु आँखाभरि सपनामा ।

स्वाद बिर्सी साध्य छैन आँसु अनि पसिनाको,
गालाभरि नुन देख्छु आँखाभरि सपनामा ।

मान्छेमाझ हराएको मान्छे भेट्न पाए हुन्थ्यो,
यही मजबुन देख्छु आँखाभरि सपनामा ।

★★★

उडिरह्यो पछ्यौरी त्यो छुन सकिएन
हावासरि उत्ताउलो हुन सकिएन !

रङ्ग फेर्ने मौसमको देखासिकी गरी,
थरीथरी रूप बनाउन सकिएन !

जिन्दगीमा धुने कुरा कति धोएँ कति,
कलेजीको दाग भने धुन सकिएन !

बालुवामा बूँदसरि खेर जाने हो कि,
यत्ति कुरा सम्झीसम्झी रुन सकिएन !

***

गरिबको खुन बरै अमिरको पानी भा'छ ।
जसले जति हात मार्‍यो उति ठूलो दानी भा'छ !

इज्जतको कुरा कहीँ कतै लुकीछिपी होला,
लुटमार भने यहाँ सधैँ जानाजानी भा'छ !

'मान्छे-मान्छे एउटै हुन्'- भन्नलाई भने पनि,
कोही रुन कोही हाँस्ने थरीथरी बानी भा'छ !

अभावको काँधमा छ वैभवको हिउँचुली,
अंश लिँदादिँदा यहाँ पक्कै रानीकानी भा'छ !

खालि चित्त बुझाउन जसले जे नै भनोस् तर,
सिउँडीको बोटजस्तो यहाँ जिन्दगानी भा'छ !

★★★

मको लाली घोलेर रातो छ त नि छन त
तको छायाँ परेर हो कि अँधेरो जगत ?

उस्तै छ आँसु उस्तै छ पीडा उस्तै छ जलन,
फर्किन्छ दिन भनेर ज्यान दियौं कि फगत ?

पशुले खायो, डढेलो लाग्यो पैह्रोले पुऱ्यो कि ?
माटोमा प्राण छरेथ्यौं यहाँ के भयो भन त ?

ढाँटेर कति फकाई कति यो मन बुझाऊँ,
सधैंको यौटै हुँदैन भनी बेला र बखत ।

गुराँसजस्तै हँसिलो हुन्थ्यो सबैको मुहार,
चाहिएजति दिएनौं क्यारे हामीले रगत !

हाम्रै हो माटो हौं भने हामी माटाकै सन्तति,
माटाको रिन नतिरी सुख छैन नि अब त !

***

चलेकै छ कामधन्दा अरू के नै चाहियो र ?
उठेकै छ दानचन्दा अरू के नै चाहियो र ?

नातागोता चाहिँदैन भाइमाराहरूलाई
हात परे भयो बन्डा अरू के नै चाहियो र ?

हालचाल सोधेपछि लुकाउन भएन नि,
फाँसीमाथि पऱ्यो फन्दा अरू के नै चाहियो र ?

सिद्धान्त र नीतिलाई रछानमा फालेपछि,
धुरीमाथि गाड झन्डा अरू के नै चाहियो र ?

★★★

जिन्दगीमा घरीघरी सम्झेको छु भूललाई
ढुङ्गामाथि किन मैले चढाएछु फूललाई ?

जमाना नै यस्तै हो कि भावना नै मरेर हो,
हिजोआज रुचाइन्छ फूलभन्दा शूललाई !

खरो मान्छे को छ ? भनी कल्ले यहाँ खोजिगरोस्
फकाउँदै ठिक्क यहाँ मान्छे ढुलमुललाई '

मयूरमा हजुरको मन अब जाँदैन रे,
जोगाउनुपर्ने भयो मैना बुलबुललाई !

गाउँतिर हाकाहाकी खुनी ब्याँसो पसेको छ,
जुटाउनुपर्दैन कि चारैतिर हूललाई ?

★★★

झारपात झिँजामिजा जुटाउनुपर्ने भयो,
आलैकाँचै भए पनि पुत्ताउनुपर्ने भयो !

अहिले हो कि भरे हो कि भनेजस्तो भएको छ,
कुन बेथा लागेको हो ? खुटाउनुपर्ने भयो !

कोठी पनि दाग नै हो ठाउँमा त्यो सुहाउँछ
चरित्रको दाग भने छुटाउनुपर्ने भयो !

सधैँआलोपालो गर्दा केही बाँकी छैन अरे
अब बाँकी आफैँलाई लुटाउनु पर्ने भयो !

ज्यूँदो छौ कि मरिसक्यौ ? सोध्नुपर्ने भएको छ
फेरि पनि मान्छेलाई ब्यूँताउनुपर्ने भयो !

***

टिपूँ भने दानादाना तोरी पोखिएको
नटिपूँ त मरीमरी भारी बोकिएको !

पत्याउनै गाह्रो भयो नियाँ भन्नेलाई
जब देखैं खुनसँग सुन जोखिएको !

आँखाभरि आगो परिदिँदा थाहा भयो
रहेछ नि ढुङ्गासित दिल ठोकिएको !

हुँदाहुँदा यस्तो पनि देख्न पाइएछ
पाप गर्ने पापी जो हो उही चोखिएको !

***

डेरा भए झिटीगुन्टा कसे पनि भयो
घर भए जुनीभरि बसे पनि भयो !

मानिसले सर्पसित मीत लाएपछि
टोके पनि भयो अब डसे पनि भयो !

जालको त जालो नै छ सबै थाहा छैन
मायाजाल हो भने त फसे पनि भयो !

नाउँ त हो जोगाउने त्यही थापिदिए
जतिसुकै माथिबाट खसे पनि भयो !

आँट भए दुनियाँमा बस छाँटसित
हैन भने वनबास पसे पनि भयो !

★★★

थाहा छैन कति लेखैं
जति सम्झैं त्यति लेखैं !

बिन्ती दर्ता नहुँदामा
कागतको खति लेखैं !

दागबत्ती दिनुपर्दा
मृत्यु होइन गति लेखैं !

हीरामोती जोख्नुपर्दा
तोला, मासा, रती लेखैं !

कतै काँचो कतै पाको
आफ्नो-आफ्नो मति लेखैं !

आफूबारे लेख्नुपर्दा
'कविता'को पति लेखैं !

'बूँद' अब तपाईं भन्नोस्
ठिक्क लेखैं अति लेखैं ?

★★★

दिन किन टर्यो हुन्थ्यो रात किन तीतो हुन्थ्यो
दिल थोरै घोलिदिए सारा कुरा मीठो हुन्थ्यो !

झरीबाढी नभए नि थोपो छिटो सम्झनाको
बेलामौका छर्किदिए कोही किन रित्तो हुन्थ्यो !

मीठो बोली कहिलेकाहीं मेरो भाग परिदिए
परिजाने रहर पनि सधैंभरि ठिटो हुन्थ्यो !

धन्यवाद तिमीलाई सम्झना त छोडी गयौ
नत्र भने यो जिन्दगी सारा ढुटोपीठो हुन्थ्यो !

ढिपी गर्ने दिललाई सम्झाउन साह्रै गाह्रो
भनेजस्तो हुनलाई कहाँ यति छिटो हुन्थ्यो !

***

दिल भन्ने ढुङ्गा हो र ?
किन गर्छौं तोडफोड ?

रिसाउनै परिहाल्ने
त्यस्तो गल्ती के नै भो र ?

मैले हिजै छोडिसकैं
उहिलेका कुरा छोड !

हिसाब नै गर्ने भए
दुई झिक दुई जोड !

कृति यौटा रचिएला
तिम्रो मेरो नाउँ कोर !

★★★

पानी पनि परेको छ आगो पनि जलेको छ
हिजोआज यतातिर यस्तै हावा चलेको छ !

जति चोटि जोडे पनि हात लाग्यो शून्य हुने
पक्कै कुनै छलियाले छल्नसम्म छलेको छ !

घरी भट्टी घरी घर ओहरदोहर कति गरूँ
यही भनी भट्टीभित्र सराबी त्यो ढलेको छ !

आफै मरेपछि मात्र स्वर्ग देख्न पाइन्छ रे
यही कुरा सम्झीसम्झी हातगोडा गलेको छ !

मेरो कुरा सुन्नेहरू मरीमरी हाँसेपछि
यस्तो लाग्यो अब मेरो रुन बेला टलेको छ !

बिरुवा त लाएकै हो गोडमेल गरेकै हो
हेक्का भने राखिएन कुन फल फलेको छ !

★★★

प्यारो हुन खोज्दा यहाँ किनकिन तारो भइयो
यति चोट खाइयो कि ढुङ्गाभन्दा साह्रो भइयो !

यताउता जताजता आफूलाई देखिदिँदा
पानीसरि पँधेलो र हावाभन्दा फारो भइयो !

कोही यहाँ फूल भए जूनतारा कोही भए
नजरमै रहे पनि आफू भने छारो भइयो !

नयाँ खेला हेर्नलाई बेला पर्खी बसेको छु
थोत्राएर कवाडमा फालिएको भाँडो भइयो !

चोचोमोचो नगरेर लोलोपोतो नजानेर
थोरैथोरै सजिलो र धेरैधेरै गाह्रो भइयो !

***

बेइमानीले जतातै पारेछ नि दुलो
त्यै भएर यो गाउँमा फर्किएन कुलो !

कैलेकाहीं आँखाले नि धोका खाँदो रैंछ
नानी भनी राखेको त बिझाएछ फुलो !

धूलोपीठो हुनेहरू किन नबोलेको
'अब त लौ हामी पनि चटाउँछौ धूलो !'

पराईले डकारेर बाटो लागिसके
घरकाको भने अझै बल्याछैन चुलो !

दारसरि दह्रो भए कल्ले हल्लाउँथ्यो
हामी आफै भयौं कि हँ लहराभैं लुलो ?

***

यौटा दिन हेर्नलाई सयौं रात जागिदिएँ
यौटै थियो घिडकिसो एकोहोरो लागिदिएँ !

'सहनेका सहकाल' भन्ने कुरा थाहा थियो
त्यसैले त सहनुको सारा सीमा नाघिदिएँ !

छिनोफानो गर्दै थिएँ मुद्दा मैदानमा डटी
छुल्याहाले भनिदिए मैलै घरै त्यागिदिएँ !

जिन्दगी र खुशी यहाँ दुनियाँले मागेपछि
मैले पनि कालसँग यौटा मौका मागिदिएँ !

बिर्सिदिए अनर्थ पो हुने हो कि भनीकन
दुस्मनको नाउँ पनि छातीभित्र टाँगिदिएँ !

★★★

बादल फारेर घाम लाग्यो
अलिकति आराम लाग्यो

धूलोमाटोले चुम्बन लिँदा
हाँसेखेलेको ठाम लाग्यो

रित्तोरित्तो बगर देखी
मेला भर्नेको लाम लाग्यो

बरबाद हुन्थ्यो यो मन मारे
त्यो नमारेको काम लाग्यो

'बूँद' बूँद नै सागर हो रे
ख्यालख्यालैमा नाम लाग्यो

★★★

हिजोअस्ति नभएको आज भइगयो
बगैंचामा बसाहाको राज भइगयो !

उखेलेर फालिएथ्यो हिजो जुन कीलो
उही कीलो कलेजाको माझ भइगयो !

बल्लतल्ल बिहानीको मुख देखिएथ्यो
दिन हेर्न नपाउँदै साँझ भइगयो !

जसो भने पनि भयो ढाँटी भनिदिँदा
नढाँटेर भनूँ भने लाज भइगयो !

जेजे भयो यहाँ त्यसै कहाँ भएको छ
पक्कै पनि कोही धोखेबाज भइगयो !

★★★

रवि प्राञ्जल

वि.स. २०१७, जेठ १० गते काठमाडौंको भाटभटेनीमा जन्मेका गजलकार रवि प्राञ्जलका सुललित गजलहरूले उनलाई ख्याती प्रदान गरेका छन् । प्रेम र पीडालाई आफ्ना गजलहरूमार्फत् व्यक्त गर्ने रवि प्राञ्जल नेपाली साहित्यका प्रसिद्ध गजलकार हुन् । उनका प्रकाशित कृतिहरू हुन्- **तारिदेऊ न माफी दाइ** (२०४८), र **उही बाढी उही भेल** (२०५२) । रवि प्राञ्जलका गजलहरू विभिन्न गायक-गायिकाहरूका स्वरमा रेकर्ड भएका छन् ।

एउटा गुराँस फुलेकोथ्यो फैलाएर गाढा लाली ।
टिपूँ भन्थें भाँचिगयो रूखको त्यो सानो डाली ।

एकान्तमा कल्पी-कल्पी रोइसके आँखा मेरा,
आउँदैन कि यो जुनीमा मेरो कतै आफ्नो पालि ।

अँध्यारो छ चारैतिर, जुनेली छ रात तर,
बसेको छु अँध्यारोमा मुटु मेरो सधैं बाली ।

कहाँ गई पोखूँ बह ? भनिदेऊ जून-तारा,
भित्र कोही बसे पनि मन मेरो सधैं खाली ।

झरिसकैं धेरै तल, आफन्तका आँखाबाट,
उजाडियो शहर मनको, नभेटेर कोही माली ।

***

एउटा दियो विश्वासको जलाएको धेरै भयो ।
सुकेको त्यो बोट फेरि पलाएको धेरै भयो ।

सबै मिली बगाएर पसिनाका धाराहरू,
ढुङ्गालाई माटोभित्रै गलाएको धेरै भयो ।

झुक्याउन हामीलाई पानीमाथि ठडिएको,
पर्खाल र भीरलाई ढलाएको धेरै भयो ।

फूलभित्र सौन्दर्यको मीठो गन्ध नभेटेर,
फूललाई मैले माया नलाएको धेरै भयो ।

निको भैसकेको घाउ बल्झ्यो फेरि छातीभित्र,
थाहै भएन उस्ले घाउ चलाएको धेरै भयो ।

★★★

जूनसँग तिमीलाई माग्न पनि सकिएन ।
तिमीदेखि टाढाटाढा भाग्न पनि सकिएन ।

वारिपारि दुई हामी बीचमा छ ठूलो नदी,
हेराहेर भयो खालि, डाक्न पनि सकिएन ।

यात्रा मेरो जिन्दगीको कहाँ गई बिसाऊँ म ?
नियति नै भयो यस्तो, थाक्न पनि सकिएन ।

घामभन्दा पनि टाढा, जूनभन्दा पनि पर,
लुकाएर तिमीलाई राख्न पनि सकिएन ।

मेरा सामु आज कस्ले कोरिदियो सीमा-रेखा ?
आँखा चिम्लिएर त्यसलाई नाघ्न पनि सकिएन ।

★★★

हिँड्दा-हिँड्दै जिन्दगी नै थाके जस्तो लाग्यो ।
बाटोभरि तुवाँलोले ढाके जस्तो लाग्यो ।

जिन्दगीको यात्रा मेरो अझै बाँकी थियो,
बीचै बाट कोही आई डाके जस्तो लाग्यो ।

सम्झनाको बतासले आँसु झारी दिँदा
कोही आई मनमा सियो राखे जस्तो लाग्यो ।

मनको बह पोख्ने कुनै ठाउँ नपाएर,
हृदयको घाउ अब पाके जस्तो लाग्यो ।

कसले छेकिदियो आज मेरो सूर्यलाई ?
अँध्यारोमै 'रवि' लाई जाके जस्तो लाग्यो ।

★★★

अमृत भनी पिएँ जहर यस पटक पनि ।
सकिएन गर्न ठहर यस पटक पनि ।

भेटिएन पानी कतै, आगो निभाउने,
जलिरह्यो मनको शहर यस पटक पनि ।

मेरो जस्तै तिम्रो पनि मनको तलाउमा,
उठेन खै ! कुनै लहर यस पटक पनि ।

समयमै ब्युँझनेछु भनी सुतेको थें,
चुकिगयो मुख्य पहर यस पटक पनि ।

झुल्किएन घाम अझै, निखिएन बादल,
अधुरै भो मेरो सफर यस पटक पनि ।

***

गाउँ, पाखा, शहर, गल्ली धेरै पल्ट धाएँ ।
देउता अझै भेटिएन, ढुङ्गा मात्र पाएँ ।

हत्केलाका रेखा चिरी रगत बगाएर,
धेरै पल्ट मैले टीका निधारमा लाएँ ।

तिमीलाई मात्र हैन, जूनलाई पनि,
रुवाउन मैले आफ्नो गजल सुनाएँ ।

अँध्यारो छ अझैं बाँकी पर क्षितिजमा,
मिर्मिरेको घाम बोकी उज्यालिँदै आएँ ।

आँखाभित्रै राख मलाई मुटुभित्रै बाँध,
तिमीसम्म आई पुग्न धेरै चोट खाएँ ।

★★★

लहर छ टाढा, बगर भो बिरानो ।
मेरो जिन्दगीको सफर भो बिरानो ।

जिउँदो लाश देख्छु म मान्छेहरूको,
कठै ! आज मेरो नगर भो बिरानो ।

हराए छन् सधैं झुल्कने जून-तारा,
मेरो धर्तीदेखि सगर भो बिरानो ।

नफुल्दै झरेछन् चाहना हजारौं,
यो मुटुभरिको लहर भो बिरानो ।

एक्लो छु आज यो ठूलो शहरमा,
'रवि' आज तेरो खबर भो बिरानो ।

★★★

ओइली जाने फूल जस्तै दिनदिनै झर्नुपर्छ ।
बाँचे पनि जिन्दगीमा कैयौं पल्ट मर्नुपर्छ ।

मृत्यु जतातै हुन्छ जिन्दगीका मोडभरि,
पाइलैपिच्छे जतासुकै धापहरू तर्नुपर्छ ।

दुःख पर्दा गोहीले झैं निस्तो आँसु झार्नेलाई,
विडम्बना ! चिने पनि नचिने झैं गर्नुपर्छ ।

कठै ! अब यो जुनीमा उसलाई भेट्नलाई,
इन्द्रेणीको देशभरि बसाइँ अब सर्नुपर्छ ।

चेतनाका बीजहरू बाँचुञ्जेल छन्यो जस्ले,
श्रध्दाका यी फूल उस्कै सम्झनामा छर्नुपर्छ ।

★★★

बतासका झोक्कासँगै ढलिरहैं खालि ।
आफैलाई आफैदेखि छलिरहैं खालि ।

कोही छैन छामिदिने जिन्दगीको घाउ,
लुकाएर पीडा मनको जलिरहैं खालि ।

अन्धकार भगाएर उज्यालो ल्याउन,
सल्किएर मैन जस्तै बलिरहैं खालि ।

श्रमको मूल्य चुकाउने नभेटेर कोही,
पछुताई रित्तो हात मलिरहैं खालि ।

मेरा आफन्त नै आज भएछन् पराई,
फगत एक्लो भइ आज गलिरहैं खालि ।

★★★

कसले खोसी लग्यो कुन्नि ! मैले फेर्ने सासलाई ?
मेटिदेला कस्ले आई, मेरो मनको प्यासलाई ?

जिस्काएर बतासले साउती गर्दै गयो पर,
कोही छ कि रोकिदिने, बगिजाने बतासलाई ?

स्वर्ग छुने फूलबारी थियो मेरै करेसामा,
हुरी आई उडाइलग्यो मेरो बस्ने बासलाई ।

रमाइलो थियो मौसम, न्यानो थियो शिशिरमै,
कस्ले आज रुवाइदियो बसन्तको मासलाई ?

नसजाऊ स्वप्नहरू, कलिला ती छातीभित्र,
आफैबाट टाढा हुँदै घस्रिहिँड्ने लाशलाई ।

★★★

चराहरू उडे अब भोर हुन लाग्यो ।
अँध्यारो यो रात कमजोर हुन लाग्यो ।

भर्खरसम्म भन्थ्यौ तिमी 'मेरै हो यो घर',
कठै ! आज घर तिम्रो खोर हुन लाग्यो ।

बतासले खोलिदियो गाँठो नकाबको,
हेर्दा हेर्दै साधु अब चोर हुन लाग्यो ।

भरिएर फुटेछ कि विषको त्यो घडा ?
अहो ! चारैतिर चर्को सोर हुन लाग्यो ।

विपरीत देख्नथाल्यो 'रवि'को यो आँखा,
के भएछ यस्तो आज घोर हुन लाग्यो ।

***

नलेखेको गजल लेखूँ, बहरसँगै तिमी आयौ ।
किनारैमा थिएँ भर्खर, लहरसँगै तिमी आयौ ।

शरद् शिशिर बसन्तैले बुझेनन् यो जलन मनको,
जलन मनको बुझी नौलो प्रहरसँगै तिमी आयौ ।

कहाँ पोखूँ ? कहाँ पोखूँ ? म जीवनका जहर सारा,
जहर काट्ने जहर नै हो, जहरसँगै तिमी आयौ ।

अँध्यारोमा जसै देखूँ, दियालो झैं झलक उस्को,
फुऱ्यो एउटा रहर मनमा रहरसँगै तिमी आयौ ।

जसै फर्क्यौ तिमी घरमा, रुँदै भन्छिन् बुढी आमा
'खडेरीले चपाएको शहरसँगै तिमी आयौ' ।

★★★

परेलीमा बास मागैं ।
कस्तो मधुमास मागैं ।

गहिराइमै पुगूँ भन्थें,
कहाँ मैले भास मागैं ।

आत्तिसकैं भीडदेखि,
मागैं, एकलास मागैं ।

प्याला हैन पीडा भुल्न,
दाना अनि घाँस मागैं ।

आज फेरि 'रवि' सँग,
एक मुट्ठी सास मागैं ।

★★★

कोपिलामै थियो फूल, नफक्रँदै झन्यो फेरि ।
भोर हुंदै थियो भर्खर, किन रात पन्यो फेरि ?

जून झुल्क्यो डाँडापारि, एक्लैएक्लै उदासउदास,
किन होला पापी बादल उतैतिर सन्यो फेरि ।

अँध्यारोको जुलुसभित्र उज्यालोको स्वप्न देखैं,
स्वप्निल त्यो चाँदनीले मन मेरो हन्यो फेरि ।

उड्दै थिए छानामाथि परेवाका जोडीहरू,
विष मिसाएको चारा सिकारीले छन्यो फेरि ।

सधैं जस्तै आज पनि परदेशीको चिट्ठी आयो,
छिटै फर्की आउँछु भन्ने झूटो वाचा गन्यो फेरि ।

उन्मुक्त भै बाँचू भन्छ जिन्दगीमा 'रवि' तर,
हिजो पनि मरेकै हो, आज पनि मन्यो फेरि ।

★★★

आँधी, हुरी, बतास्सँगै झरिसकेको पातमा ।
जिन्दगीको घाम न्यानो, खोजूँ कहाँ म रातमा ?

छैन चाह अँध्यारोमा अभिसार गर्न प्रिये !
उघारेर पूर्वी ढोका भेटुँला म प्रभातमा ।

स्वीकार्दिनँ अब मालिक् ! स्वीकार्दिनँ म दासता,
कोरीसकैं आफैले नै रेखाहरू यी हातमा ।

फुलेकाछन् छातीभित्रै आगोका यी फूलहरू,
आऊ सँगै रुझौं हामी, आगोकै यो बर्सातमा ।

घुमरीमा नाउ छोडी कहाँ गयो माझी दाइ ?
थाहा छैन 'नाउ' छकि 'यात्री' आज प्रवासमा ।

***

ढल्दै थिएँ म, उठायो कसैले ।
नशा जीवनको छुटायो कसैले ।

पुग्दै थिएँ म भर्खरै किनारा,
मझ्धार तिरै पुऱ्यायो कसैले ।

भरेथैं प्याला उसैलाई सम्झी,
भरेको प्याला फुटायो कसैले ।

लाग्यो यतिसम्म कि लुट्ने बानी,
बिर्सेर आफू लुटायो कसैले ।

'ज्ञानु' 'मनु' र 'ललि' लाई छाडि,
'रवि' तँलाई बोलायो कसैले ।

★★★

कसरी देखाऊँ ओठमा हाँसो ? चिरेर छाती यो ।
सिस्नु भैँ पोल्छ दशैंको बेला फूल र पाती यो ।

उस्तै छ घाम उस्तै छ जून, उता त्यो शहरमा,
गाउँमा घाम लाग्दैन अचेल, कालो छ राती यो ।

बिहानी उस्तै गोधूलि उस्तै, रात उस्तै शहरमा,
गाउँमा साँझ पर्दैन अचेल्, बन्द छ राती यो ।

शरदको बेला फुलेन फूल, फर्केन प्रियतम्,
न निभ्छ झ्याप्प, न बल्छ झल्ल, मनको बाती यो ।

★★★

जूनलाई आफ्नो कथा सुनाएर रात काटे ।
यो उदास मनलाई बुझाएर रात काटैं ।

बिर्सी जाने निष्ठुरी त्यो आउँछकि सम्झिएर,
प्रतीक्षाका दियाहरू जलाएर रात काटैं ।

उसले छोडी गएपछि नीदले पनि छोडी गयो,
ती पुराना यादहरूमा हराएर रात काटैं ।

फूलभन्दा पनि कोमल मेरो मनको मझेरीमा,
कल्पनाका फूलबारी सजाएर रात काटैं ।

अँध्यारो छ रात तर आफ्नै मनको उजेलोमा,
विश्वासका बिस्कुनहरू सुकाएर रात काटैं ।

***

आगो बोकी अँध्यारोमा आइरहेछ कोही ।
अँध्यारोकै स्तुति-गाना गाइरहेछ कोही ।

यो बिरोधाभास्को अन्त्य कहिलेसम्म होला ?
महलसँगै खरको छाना छाइरहेछ कोही ।

कस्तूरीले बिना बोकी भौंतारिए जस्तो,
मन्दिर, मस्जिद, गुम्बा, गिर्जा धाइरहेछ कोही ।

बाहिर खोज्दा भेटिँदैन, बस्छ मुटुभित्र,
मुटु मेरो कुटुकुटु खाइरहेछ कोही ।

उषाको यो लालीसँगै मृत्यु भएछ कस्को ?
एकोहोरो शङ्खध्वनि बजाइरहेछ कोही ।

***

मुक्तक मात्र भयो आज गजल भएन ।
पुरानै भो, कुनै फेर बदल भएन ।

जबसम्म तिमी थियौ, मेला पनि थियो,
तिमी छैनौ, अब चहल पहल भएन ।

झुप्रो तिम्रो महल बन्यो, मेरो चाहिँ तर,
झुप्रो सधैँ झुप्रै रह्यो, महल भएन ।

आधा पेट खाएँ तर भरैँ पेट तिम्रो,
आज आफ्नै पेट भर्न फसल भएन ।

खुशामद गरिएन कहीँ कसैलाई,
त्यसैले त आज 'रवि' असल भएन ।

★★★

प्रजातन्त्र आ छ ।
जे भनेनि भा छ ।

बिग्रेको त्यो बानी,
अझै कहाँ गा छ ?

पराल हैन अचेल,
गाइले मासु खा छ ।

पल्लो घरको भतुवा,
वल्लो घरमा आ छ ।

पेन्सिल हैन नानी !
अब हड्डी ताछ ।

शासन गर्ने सूत्र,
मलाई पनि था छ ।

★★★

कतै भने पेटभित्रै आगो बलिरह्यो ।
कतै भने मात लागी मान्छे ढलिरह्यो ।

एउटा सूर्य क्षितिजको समुद्रमा डुब्यो,
अर्को सूर्य छातीभित्र अझै जलिरह्यो ।

ग्रहण लागिरहेको यो कालो सडकमा,
पाइलाहरू लडखडाई मान्छे ढलिरह्यो ।

जति रोकूँ भने पनि रोक्नै सकिएन,
मुटुभित्र विरहको हूरी चलिरह्यो ।

समयले नै धेरै कुरा भन्यो तिमीलाई,
मैले भन्न बाँकी अब अलिअलि रह्यो ।

★★★

नखुलेको आकाश खुलेर आयो ।
ऊ शायद यो बाटो भुलेर आयो ।

झन्यो त के भो ? त्यो जूही र जाई,
यो पलाँस मनमा फुलेर आयो ।

न त तर्न सक्नु, न डुब्न सक्नु,
यो भेल कस्तो हो उर्लेर आयो ।

पीडा भुलाउन उठाएँ प्याला,
यो प्यालामा आँसु घुलेर आयो ।

भर्खरै फुलेको फूल थियो 'रवि'
आँसुको झरीमा रुझेर आयो ।

★★★

मुटुभित्रै तिमी रैछौ, अँगालोमा खोजँ ।
चेतनामै तिमी रैछौ, दियालोमा खोजँ ।

बिना रात आकाशमा उदाउँदैन जून,
सारा जीवन तिमीलाई उज्यालोमा खोजँ ।

आफू जस्तै तिमीलाई ठान्नु भूल थियो,
उँधो झर्न बिर्सिएर उकालोमा खोजँ ।

मन्दिरमा खोज्छन् मान्छे ईश्वरको बास,
मैले आफ्नै कलम र कोदालोमा खोजँ ।

हराउनुको पीडा भित्रै हराएँ म शायद,
आफैलाई गजलको यो भैंचालोमा खोजँ ।

***

पुगेथेँ म टाढा, उनी सम्झी आएँ ।
त्यो बितिसकेको जुनी सम्झी आएँ ।

के पो अर्थ हुन्छ मेरो आगमनको ?
म जानी-जानी बैगुनी सम्झी आएँ ।

तिमी फूल दुख्छौ मत दुख्छु ढुङ्गा,
त्यसैले म शायद खुनी सम्झी आएँ ।

बलेको त्यो आगो सबै ताप्ने गर्छन्,
म निम्दै गरेको धुनी सम्झी आएँ ।

म देख्दिनँ धर्तीमा गुनी कहाँ छ ?
रवि'लाई आज गुनी सम्झी आएँ ।

***

ललिजन रावल

कालिका गा.वि.स., अछाममा २०२१ पुस २८ गते जन्मेका गजलकार ललिजन रावलका प्रकाशित गजलकृतिहरू हुन् - **केही गजलहरू** (२०४२), **बिरानो यो ठाउँमा** (२०४६), **सिरानीमा आँसु** (गजल र कविताको संयुक्तसङ्ग्रह-२०५९), **एउटा बन्द खाम** (छानिएका गजलहरू-२०६६) र **टहटह जून** (बालगजल सङ्ग्रह-२०६७) । **समकालीन नेपाली गजल** (२०४७) र **प्रतिनिधि नेपाली गजलहरू** (२०६५) रावलले सम्पादन गरेका कृतिहरू हुन् । **एउटा बन्द खाम** (२०६४) शीर्षकमा उनको गजल वाचनको सिडी प्रकाशित भएको छ । उनका धेरै गजलहरू रेकर्ड भएका छन् ।

आफै मात्र भोग खाने द्यौता कोटी-कोटी ।
तावामाथि भोक पाक्छ, पाक्दैन खै रोटी ।

यति सानो मुलुकमा कुरा मात्रै ठूला,
काम हैन कुरामा नै, अल्झ्यौं सयौं चोटि ।

सिंगापुर र स्विट्जरल्याण्डका स्वप्न कति बाँड्छौ ?
पीडा बोकी रुन्छन् यहाँ, कर्णाली र डोटी ।

रक्त चन्दन तस्करीमा रातै बिते पनि,
बिहानीमा टीका लाउँछौ चन्दन घोटी-घोटी ।

दुःख-कष्ट मलाई मात्र, किन भनी सोध्दा,
अर्ति दिदै भन्छ ऊ त, भाग्य नै हो खोटी ।

हिउँ पग्लिएर अब आगो बग्न सक्छ,
पानीभित्रै लुक्छौ कति, कति चाल्छौ, गोटी ?

सुखसयल आफूलाई, स्वप्न अरूलाई,
बाँड्ने को हुन् हिसाब पक्कै होला मोटामोटी ।

★★★

अलिकति हाँसो फुल्दा बिर्सै पीरको कुरा ।
वर्षाअघि याद हुन्न कृष्ण भीरको कुरा ।

गुन्द्रुक ढिडो पनि जहाँ पाउने गाह्रो पर्छ,
त्यहाँ तिमी गर्छौं किन साउने खीरको कुरा ।

बोझ बोक्ने पाइताला, कसले सम्झेको छ,
हामी सधैं गौरव गर्छौं, गर्दै शिरको कुरा ।

कति-कति महाभारत दोहोरिए यहाँ,
अझै सुन्छौं हरण भएको उही चीरको कुरा ।

वर्तमान यो कता पुग्यो थाहा छैन अझै,
रमाउँछौं इतिहासमा पढ्दै वीरको कुरा ।

★★★

कति दियौ पीडाहरू, मैले गन्न बाँकी थियो ।
तिमी भने हिँडिहाल्यौ, केही भन्न बाँकी थियो ।

खानुसम्म खायौँ हिजो, आज अनिकाल पर्दा,
नयाँ बाली लगाउन, बीउ धन्न बाँकी थियो ।

तिमीसम्म पुग्न मैले, नखोजेको कहाँ हो र,
एउटा बाटो भत्केपछि, अर्को खन्न बाँकी थियो ।

हेराहेर मात्र हाम्रो, दुई किनारामा उभिई,
हामीलाई जोड्ने एउटा पुल बन्न बाँकी थियो ।

कसले लुट्यो मेरो मनको भकारी त रित्तै देखेँ,
हिजै चाहनाको अन्न,त्यहाँ टन्न बाँकी थियो ।

मेरो हृदयको धूलो, किन टाँसिइरहन्छ भन्थेँ,
बल्ल आज थाहा पाएँ, त्यै निफन्न बाँकी थियो ।

★★★

जून आउला तिमीलाई बेलाउन राती ।
अघि-पछि लगाएर ताराहरूको ताँती ।

टाढा कतै मन्दिरमा जानु पऱ्यो किन ?
आफ्नै मनको अँधेरीमा बालिदेऊ बानी ।

तारा खस्दा आकाशले नरोएर के भो ?
उसको पनि कहिलेकाहीं दुख्दो होला छाती ।

दुई-पाइला चालेपछि तोड्नु नै छ भने,
त्यसै-त्यसै कसमहरू नखाएकै जाती ।

मिर्मिरेमा आँखा खोली क्षितिजतिर हेर,
घात गर्न सक्ने छैन त्यहाँ कुनै घाती ।

जातपातका कुरा सोधे भनिदिए हुन्छ,
मान्छे हुँ म अरू कुनै छैन मेरो जाति ।

***

भैगो छाड तिम्रा, कुरा नाना भाँति ।
झूटो बोल्नुभन्दा, नबोलेकै जाती ।

बेग्ला-बेग्लै बाटा, कति बने कति,
एक पल्ट हेरौं, कमिलाको ताँती ।

कहिले हुन्छ अब, ख्याल समयको,
मध्यान्नमै तिमी, बालिदिन्छौ बाती ।

दिनको उज्यालोमा, तारा कहाँ खोज
तारा मुस्कुराउँछ, अँध्यारोमा राती ।

गुनासो के गर्नु, अरूसँग अब
आफ्नै प्रिय मान्छे, बनेपछि घाती ।

दुनियाँका दुःख, जब देख्छु सामु,
भित्र-भित्र कतै, दुख्छ मेरो छाती

★★★

तिम्रो हात परेन कि, पठाएथैं पत्र ।
कतै शान्ति छैन भन्ने सुन्छु यत्रतत्र ।

समय नै यस्तो हो कि, हाम्रो आफ्नै ढङ्ग,
जतातै अशान्तिका जमे पत्रैपत्र ।

सद्भाव र सदाचार देखिदैन कतै,
बर्बरताले गर्‍यो यहाँ राज एकछत्र ।

आशामात्र होइन विश्वास दिलाउँदै आऊ,
तिमीबाट धेरै टाढा जान्छु म त नत्र ।

जीवन छोटो हो कि लामो, पत्तै छैन तर,
सहज छैन जिन्दगीको एउटै पनि सत्र ।

★★★

एकान्तमा तिमीसँग कुरा गर्नु पर्ला ।
कसले धेरै माया गर्छ, मानो भर्नु पर्ला ।

उँचाइको अभिमान कहिलेसम्म हो र !
शिखरबाट तिमीले पनि तल झर्नु पर्ला ।

जति टाढा जाऊ तिमी, तिमीसम्म पुग्न,
जति सुकै जङ्घारहरू तरे तर्नु पर्ला ।

मायाको त्यो छायाबाट घाम छल्नलाई,
जता-जता छाया जान्छ, उतै सर्नु पर्ला ।

औंसीको त्यो रातभित्र, अँध्यारोलाई चिर्न,
पख ! सानो दियो बाली, ज्योति छर्नु पर्ला ।

एकबारको जुनी हो यो, किन खेर फाल्नु ?
दुनियाँका लागि बरू, मरे मर्नु पर्ला ।

***

जस्तो कुरा सुने पनि बजिहाल्छ ताली ।
अलि ढिलै बुझ्छौं हामी, साँचो हो कि जाली ।

अन्धकार चिर्नलाई काला रात टेक्दै,
कति-कति हिँड्यौं हामी, मशालहरू बाली ।

बिना साँवा अझै कति ब्याज मात्रै खान्छौ,
देखिरा'छु सधैं तिम्रो त्यो हालीमुहाली ।

बाध्यता र वेदनाका सुस्केरा दिएर,
कसले सधैं चोरिलान्छ ओठका ती लाली ।

फूलबारी जस्तै सुन्दर हुन्छ हाम्रो देश,
हामी आफै फूल बनौं, आफै बनौं माली ।

कुनै बिहान एउटा नौलो सूर्य उदाउला,
स्वागतमा बसी राख सजाएर थाली ।

★★★

बिपनीमै हिजोआज बर्बराउन थाल्यौ ।
सुर-ताल बिना तिमी गीत गाउन थाल्यौ ।

बन्द गरिसकैं मैले, मेरो मनको ढोका,
फेरि किन ढकढक गर्दै, तिमी आउन थाल्यौ ।

पुज्नु हुन्न तस्वीरलाई, भन्थ्यौ पहिले तिमी,
तर आज फूलमालाले, त्यै सजाउन थाल्यौ ।

सुख चैन तिम्रो जसले लुट्यो सधैंभरि,
उसैलाई तिमी आज भन् सघाउन थाल्यौ ।

मुक्त हुनु पर्छ मान्छे, भन्छौ तर आफै,
दासताको भारी जस्तो के उठाउन थाल्यौ ?

दोबाटोमा-चौबाटोमा अलमलिई रह्यौ,
सँगै हिँडौं भन्दा पनि हिचकिचाउन थाल्यौ ।

★★★

चाहनाको गीत अझै गाउन बाँकी छ ।
चुहिएको छानो हाम्रो छाउन बाँकी छ ।

कसले फेरि बाँध लायो हाम्रो खुसीमाथि,
उदास आँखाभित्र चमक आउन बाँकी छ ।

भर्खरै त क्षितिजको ढोका खुलेको छ,
प्यारो सूर्य आकाशमा ल्याउन बाँकी छ ।

निमार्ण जुटेका ती हातहरूलाई,
धेरै-धेरै कामहरू भ्याउन बाँकी छ ।

युगौं देखि कार्यशील तमाम जिन्दगीले,
पसिनाको मोल अझै पाउन बाँकी छ ।

***

सोध्दै छु म आज, के हो मेरो नाउँ ।
आफै उभिएको, चिन्दिनँ म ठाउँ ।

कति बिसँ कति, खाएका ती कसम,
फेरि अर्को कसम, कसरी म खाऊँ ।

जहाँ-जहाँ थियो, मैले जानु पर्ने,
गएँ सबैतिर, अब कहाँ जाऊँ ।

बिपनीमा कहिल्यै, पाइनँ मैले देख्न,
सपनीमै सही, तिम्रो दर्शन पाऊँ ।

अझै बग्दै होला, मेरो कैलाश खोला,
याद मात्र बाँकी, भुलेँ मैले गाउँ ।

दिवास्वप्न पाली, भन्दिनँ म कहिल्यै,
धर्तीभरि फैलिउँ, आकाशभरि छाऊँ ।

खोज्न अरूलाई, हुन्न कुनै गाह्रो,
आफैलाई खोज्न, कहाँ कहाँ धाऊँ ।

★★★

यतै-कतै छोडेको छु पाइतालाका छापहरू
अझै कोही सुन्दोहोला मेरो पदचापहरू ।

जल्नुसम्म जलिसकँ सधैंभरि जिन्दगीमा
अब के पो गर्न सक्लान्, आगोका ती रापहरू ।

कुनै बेला आफैतिर फर्किएर हेर्नु पर्ला,
आफैबाट कति भए जिन्दगीमा पापहरू ।

एकान्तको बेला पारी कहिलेकाहीं हिसाब गर्छु,
बाटोभरि मैले पाएँ कहाँ कति धापहरू ।

आँसु पनि कुनै बेला हतियार बन्न सक्छ,
रित्तिएका छैनन् आँखा, आँसुका यी दापहरू ।

***

कसको भाग्य फुटेको छ, को हो भाग्यमानी,
लेखा-जोखा कति गर्नु, कति कुराकानी ।

जिन्दगीको एउटा पाटो सधैं भिज्ने गर्छ,
थाहा छैन भिजाउने त्यो, आँसु हो कि पानी ।

जति हाँस्न खोज तिमी, जति ढाँट्न खोज,
तिम्रो पीडा खोलिदिन्छ भिजेको सिरानी ।

हृदयको कुनाभित्र, लुकेकी पो छौ कि,
या त बनी बसेकी छौ, आँखाभित्र नानी ।

पीर बोकी थिर मन कहाँ हुन सक्छ ?
कता-कता बरालिने बसिसक्यो बानी ।

थाहै नपाई यात्राभरि केही बिराएँ कि !
भए जस्तो लाग्या छैन गल्ती जानी-जानी ।

★★★

एउटा परदेशी आई सोध्यो मेरो नाउँ ।
तर चाँडै छोडिगयो, यो रमाइलो ठाउँ ।

उसकै छेउ उडी पुग्न मन लाग्छ तर,
प्वाँखबिना उडी त्यसै कसरी म जाऊँ ।

एउटा चिट्ठी उसैलाई पठाउनु थियो,
भनिदेऊ जूनतारा कुन हो उसको गाउँ ?

जहाँ-जहाँ समाउँछु, सबै भत्किदिन्छ,
आफ्नो आधार मानी अब कहाँ नै समाऊँ ?

सम्झनाको हावा चल्दा, आँखा रुन खोज्छ,
आफ्नो आँखालाई आज के भनी सम्झाऊँ ?

***

बसालु यी फूलहरू आँखाभरि बोकी आएँ ।
भमराले गाउने गीत ओठभरि घोकी आएँ ।

मैले मात्र कहाँ हो र, तिमीले पनि देख्यौ होला,
जे-जे देखेँ, देखेपछि, आफ्नै जिभ्रो टोकी आएँ ।

बिपनामा शून्य मात्र सधैँ हात लागेपछि,
कल्पनाका पखेटामा आफै किला ठोकी आएँ ।

मेरो पछिल्तिर जसले मेरै कुरा काटिरह्यो,
उसैलाई मैले आफ्नो प्रतिनिधि तोकी आएँ ।

बतासले झ्यालको मनको, दुइटै पर्दा हल्लाउँछ,
त्यसैले त बतासलाई सँघारैमा रोकी आएँ ।

★★★

चन्द्रमाको छायाँ ऐले तलाउमा पऱ्यो ।
यस्तो लाग्यो सिङ्गो जून नै धरतीमा झऱ्यो ।

ढुङ्गा माटो बगाउँदै खोला सुसाउँछ,
खोलाको त्यो मीठो धुनले मन मेरो हऱ्यो ।

छायाँ पनि नभेटिने अन्धकार माझ,
आँगनीमा बिहानीको घाम कसले छऱ्यो ।

युगौंदेखि गाइएको जिन्दगीको गीत,
ढिलै भए पनि आज तिम्रो ओठमा सऱ्यो ।

जीवनभरि पानीसँग, ढुङ्गासँग खेल्दै,
माझी दाइले नदीलाई कैयौं पल्ट तऱ्यो ।

★★★

चरी बनी उडैं म त, बस्ने डाली छ कि छैन ।
हृदयमा बास मागैं, ठाउँ खाली छ कि छैन ।

नपिएरै मात लाग्दा, बिना कारण बात लाग्दा,
सोध्छु अझै गर्न बाँकी, कुनै गाली छ कि छैन ।

घ्यौतासँग माग्न केही, लम्किएकै हौ कि तिमी,
पिठ्यूँबाट देखिएन, हातमा थाली छ कि छैन ?

झर्लान् कतै कोपिला ती, ओइलिएलान् पातहरू,
तिम्रो मनको बगैंचामा कोही माली छ कि छैन ।

बाटो छेकी उभिएका अजङ्गका पहाड ढाल्दै,
बाटो खोलिदिने कुनै बलशाली छ कि छैन ?

★★★

भैगो अब तिम्रा कुरा मान्छु अलिकति ।
आजलाई वाचाकसम खान्छु अलिकति ।

जति रिस उठेपनि, मन दुखे पनि
ढुङ्गा होइन फूलले फेरि हान्छु अलिकति ।

जे-जे दियौ तिमीले सधैं, मैले थापिरहैं,
अति भयो आज म त छान्छु अलिकति ।

माया टाढा हुने रैछ, सधैं नजिक हुँदा,
तिमीबाट टाढा आज जान्छु अलिकति ।

आफन्तले जब-जब घात मात्रै गर्छ,
शत्रुलाई बरू आफ्नो ठान्नु अलिकति ।

कहाँ-कहाँ पुग्नु पर्छ, कति हिँड्नु पर्ला,
यात्राभरि सम्झना त्यो लान्छु अलिकति ।

***

खसिरहेको तारासँग माग्दा केही कुरा ।
भन्थे सबै पक्कै हुन्छ मनको चाह पूरा ।

कस्तो ध्वनि सुनियो खै, कस्तो उठ्यो धुवाँ,
कति-कति नानीहरू भएछन् टुहुरा ।

हार्ने-जित्ने जो-जो होला, आँखा रुँदै भन्छ,
कति सिउँदो पखालिए, कति फुटे चुरा ।

तर्क-संवाद चल्नु पर्छ, भन्थे कुरा मिल्न,
अचेल सीधै गोली चल्छ, सीधै चल्छ छुरा ।

आफै खस्ने तारासँग मागेर के मिल्थ्यो,
सधैं जस्तै मनका चाह अझै छन् अधुरा ।

★★★

हिजै मात्र अलिकति गर्‍यौं कुराकानी ।
त्यति चाडै तिमीकिन भयौ पानी पानी ।

द्यौता भेटे जस्तै रहेछ तिमीलाई भेट्नु,
म त भेट्न खोज्दोरहेछु पहिले जस्तै ठानी ।

बहकिन्छु कहिलेकाहीं, उड्न खोज्छु माथि,
तर मेरो धरातलले ल्याउँछ फेरि तानी ।

सुरक्षाका कवचभित्र तिमी ढुक्क सुत्छौ,
मृत्यु धावा बोल्छ उता, मान्छे छानी छानी ।

समृद्धिको किरण कहिले पस्छ झुप्रोभित्र ?
प्रतीक्षामा छन् है अझै आँखाका यी नानी ।

***

लहरसँग लड्दै सधैं किनार पुग्छ नाउ ।
आशा ज्यूँदो राख्नुपर्छ बिर्सिएर घाउ ।

विनाशका माझ पनि सिर्जनाले भन्छ,
मृत्यु अमर छैन यहाँ जीवन गीत गाऊ ।

तिम्रो, निजी माया मात्र, होइन ठूलो कुरा,
दुनियाँलाई माया गर्ने कसम तिमी खाऊ ।

पीपलुको फेद जस्तै टेक्नुपर्छ भन्थ्यौ,
तिम्रा पनि आज किन लरबरिए पाउ ?

शान्ति कता हरायो खै, हिंसा मात्र छायो,
पाइँदैन अब कतै जिन्दगीको भाउ ।

★★★

शीतको थोपा उडिगयो बिहानीको घामसँगै ।
मेरो नाउँ जोडिएला फेरि तिम्रो नामसँगै ।

बोटहरू नाङ्गा भए, बाग फेरि उजाड भयो,
फुलेका ती फूलहरू झरिगए यामसँगै ।

मलाई कायल बनाइसके, रोई-रोई यी आँखाले,
तिमीलाई खोज्ने आँखा, पठाऊँ कि खामसँगै ।

जिन्दगीको एउटै पङ्क्ति, धेरै लामो हुँदोरैछ,
रोकिदिऊँ कि आफैलाई, एउटा पूर्ण विरामसँगै ।

हुलबाट टाढा हुन, मन लाग्छ कहिलेकाहीं,
तरै लाग्नु पर्दोरहेछ मानिसका लामसँगै ।

★★★

पीडाहरू पोखी सधैं कति भरौं पाना ।
आँखाबाट बगाउँदै मोतीका यी दाना ।

वर्षा याममा फेरिपनि पानी चुहिरह्यो,
कैले टालिएलान् कठै चुहिएका छाना ।

सपनीमा-बिपनीमा बोकी हिँडेको छु,
गास, बास, कपासका चाह साना-साना ।

हत्या-हिँसा घरमा पसी सिन्दूर खोसेपछि,
बिचल्ली भो टार्नलाई दुई छाकको माना ।

सधैं नयाँ नाना माग्ने नानी रुँदै भन्छे,
बाबा ! आँखा खोलिदेऊ चाहिँदैन नाना ।

भयरहित भैसके कि ! गाउँहरू सबै,
सदरमुकाम सरिसके गाउँका सबै थाना ।

★★★

नखोलेरै राखिएको एउटा बन्द खाम थियो ।
भित्र के-के थियो कुन्नि, बाहिर मेरै नाम थियो ।

कताबाट उजाडियो मनको सानो फूलबारी,
भर्खरै त फूलहरूको यहाँ फुल्ने याम थियो ।

आज किन यहाँ केही, केही पनि देखिएन,
हिजै मात्र सपना खोज्ने आँखाहरूको लाम थियो ।

सर्धै-सर्धै बग्ने खोली, एकै छिन रोकिदेऊ,
तिम्रो वेगसँग मलाई अलिकति काम थियो ।

मनमा दियो विश्वासको नबलेको जिन्दगीमा,
धेरै-धेरै अन्धकार थोरै मात्र घाम थियो ।

***

च्यात्तिसके कति-कति जिन्दगीका पाता ।
छोरो भन्छ फेरिदिनु, किताबको गाता ।

लिनु-दिनु के छ कुन्नि, सम्झदै गरौंला,
अहिलेलाई बन्द गर तिमी आफ्नो खांता ।

अँध्यारोमा चम्किरहने एउटा तारा खस्दा,
आकाश कति रुन्छ सधैं सम्झिएर नाता ।

कता-कता रुमलिएँ, कता बरालिएँ,
पराई लाग्न थाल्यो मलाई मेरो आफ्नै हाता ।

जता सुकै हिँडेपनि जहाँ पुगे पनि,
बिर्सन्नँ म गुराँसका रङ्ग राता-राता ।

★★★

सम्पादक

ललिजन रावल

· जन्म : २०२१ पुस २८
कालिका गा.वि.स., अछाम

नेपाली गजलका चार शीर्षस्थ गजलकारका एक सय गजलहरू यहाँ सङ्कलित छन् । आधुनिक नेपाली गजलमा आ-आफ्नो विशिष्ट उपस्थिति जनाउन सफल स्रष्टाका यी गजलहरूबाट नेपाली गजलको सही अर्थमा प्रतिनिधित्व गराउने प्रयास गरिएको छ । विषयगत गहनता र विविधता, शैली र सौन्दर्यगत चमत्कार एवम् गजल संरचनाको सटिक र सही प्रयोग यी गजलहरूमा भएको देखिन्छ । नेपाली गजलका विविध बान्कीहरू यस कृतिभित्र पाठकहरूले पाउने छन् ।
नेपाली गजलको पुनरूत्थानमा सर्वाधिक योगदान दिनु भएका गजलकार ललिजन रावलले सम्पादन गर्नुभएको यस कृतिले नेपाली गजल विधालाई थप उचाइ प्रदान गर्ने छ भन्ने कुरामा हामी विश्वस्त छौं ।

– प्रकाशक

बी. एन. पुस्तक संसार प्रा. लि.